## कमलामाई नगरपलिका, नगर कार्यापालिकाको कार्यालय, सिन्धुलीको एकिकृत सम्पत्ति विवरण पेश गर्नेबारे सम्पत्ति धनीहरुलाई अत्यन्त जरुरी सूचना :

<u>प्रथम पटक प्रकाशित मितिः२०७५/२/२ गते</u>

कमलामाई नगरपालिकामा समावेश भएका सिन्धुली जिल्लाका साविक डाँडीगुराँसे, भद्रकाली, जलकन्या, रानीचुरी र रानीवास गा.वि.स.हरुको ७ वटा वडाहरुमा हालसम्म मालपोत मात्र असूल गर्दै आइएकोमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ दफा ५५ अनुसार आ.व.२०७५/०७६ देखि एकीकृत सम्पत्तिकर लागू गरिने भएकाले आ-आफ्नो वडा भित्र जग्गा रहेका जग्गाधनीहरूलाई आफ्नो जग्गा र सो जग्गामा बनेको भौतिक संरचनाको विवरण दाखिला गरी सम्वन्धित  आ-आफ्नो वडा कार्यालयमा लगत कायम गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

सम्पत्तिको विवरण दाखिला गर्ने फाराम सम्वन्धित वडा कार्यालयहरुबाट यही २०७५/२/२ गते देखि वितरण हुने हुँदा फाराम प्राप्त गर्नुभई सो फाराममा सत्यतथ्य विवरण भरी आगामी २०७५/३/५ गते भित्र आफ्नो वडा कार्यालयमा दाखिला गर्नुहुन अनुरोध गरिन्छ । यस्तो विवरण जग्गाधनी आफै वा निजको सगोल परिवारका व्यक्ति वा निजको मञ्जुरीनामा प्राप्त व्यक्तिले मात्र बुझाउन सक्नेछन् । नगरपालिकाले तोकेको अन्तिम मिति २०७५/३/५ सम्म पनि विवरण दाखिला नगर्ने जग्गाधनीहरूले विलम्ब शुल्क तिर्नुपर्ने हुँदा तोकिएको समयभित्रै आ-आफ्नो सम्पत्ति (घरजग्गा र संरचना) को विवरण पेश गर्नुहुन हार्दिक अनुरोध गरिन्छ ।

एकीकृत सम्पत्तिकरको विवरण दाखिला गर्नका लागि आ.व. २०७४/०७५ सम्मको मालपोत चुक्ता गर्नु पर्नेछ । एकीकृत सम्पतिकर तिरेपछि सो घर /जग्गामा मालपोत र घरजग्गाकर नलाग्ने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराइन्छ

कमलामाई नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, सिन्धुली